# निर्वाचन पूर्व सुरक्षा विश्लेषण प्रतिवेदन

प्रतिनिधि सभा र प्रदेश सभाका निर्वाचनको मिति नजिकिँदै गर्दा देशका विभिन्न भागमा निर्वाचन प्रचारप्रसारको क्रममा रहेका उम्मेदवारमाथि नियोजित आक्रमणका घटना भएका छन् । सरकारले निर्वाचन सुरक्षाका लागि नेपाली सेनासहित सम्पूर्ण सुरक्षा निकाय परिचालन गरेको दावी गरे पनि सुरक्षा चुनौती बढिरहेको आँकलन गरिएको छ। उम्मेदवार र मतदाताको सुरक्षा अहिलेको मुख्य चुनौती बनेको छ। निर्वाचन प्रक्रिया भयरहित वातावरणमा सम्पन्न नभए निर्वाचनको विश्वसनीयतामाथि प्रश्न उठ्छ। निर्वाचन प्रक्रियाको सुरक्षा भनेको उम्मेदवार, मतपेटिका, मतदान केन्द्र र मतदाताको सुरक्षा हो । यसै सन्दर्भमा पहिलो चरणमा मङ्सिर १० गते सम्पन्न हुने ३२ जिल्लाको सुरक्षा अवस्था तथा निर्वाचन तयारीका बारेमा इन्सेकका प्रतिनिधिले पठाएको सूचनाका आधारमा यो प्रतिवेदन तयार पारिएको हो ।

## प्रदेश नम्बर एक

यस प्रदेशका हिमाली जिल्लाहरू **पाँचथर**, **ताप्लेजुङ**, **भोजपुर**, **सङ्खुवासभा**, **खोटाङ**, **ओखलढुङ्गा र सोलुखुम्बु**मा रहेका इन्सेक प्रतिनिधिहरूका अनुसार निर्वाचनको तयारी लगभग अन्तिम अवस्थामा पुगेको छ । यी जिल्लाको निर्वाचन सुरक्षा र तयारीको विश्लेषण यसप्रकार रहेको छ।

**पाँचथर** जिल्लामा एक प्रतिनिधि सभा र दुई प्रदेश सभा कायम गरिएको छ । जिल्लामा एकसय मतदान स्थलमा एकसय ६५ मतदान केन्द्र कायम गरिएका छन् । ३० ओटा मतदानस्थललाई अतिसंवेदनशील रूपमा राखी सोहीअनुसार सुरक्षा योजना बनाइएको जिल्ला सुरक्षा समितिले जनाएको छ । त्यसैगरी, ६६ ओटा मतदानस्थललाई संवेदनशील र बाँकीलाई सामान्यमा राखिएको जिल्ला प्रशासन कार्यालयका सहायक प्रजिअ कृष्णबहादुर बस्नेतले बताए । यस जिल्लामा एकलाख २५ हजार दुईसय १९ मतदाता रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । पाँचथरको फिदिम नपा-१ मा २०७४ कात्तिक २२ गते भेटिएको बिष्फोटक पदार्थ नेपाली सेनाको बम डिस्पोजल टोलीले निष्कृय पारे पनि स्थानीय मतदाताहरूमा भय र त्रास बढाएको छ। पूर्वी पहाडमा जातीय तथा क्षेत्रीय राजनीति गरिरहेको सङ्घीय लिम्बुवान पार्टी नेपालले यस निर्वाचनमा सहभागिता जनाएको छैन । संविधानप्रति नै असहमति रहेकाले सो अनुरूप हुने निर्वाचनमा सहभागी नहुने सो पार्टीका जिल्ला अध्यक्ष कमजराज नेम्बाङले बताए ।

**ताप्लेजुङ**मा एक प्रतिनिधि सभा र दुई प्रदेश सभाको लागि हुने निर्वाचनमा ७८ मतदानस्थल र एकसय १४ मतदान केन्द्र कायम गरिएको छ । २२ ओटा मतदानस्थललाई अति संवेदनशील, २० ओटालाई संवेदनशील

| आचारसंहिता उल्लङ्घन तथा हिंसासम्बन्धी क्षति (तथ्याङ्कमा) | | | | | | |
|---|---|---|---|---|---|---|
| पीडक पक्ष | गिरफ्तार | कुटपिट | आचारसंहिता उल्लङ्घन | भौतिक संरचना क्षति | विद्युतीय धरापबाट घाइते | जम्मा |
| बाम गठबन्धन | | ५ | ३८ | | | ४३ |
| राज्यपक्ष | ३५ | १ | १२ | | | ४८ |
| राजपा-फोरम | | | ५ | | | ५ |
| काङ्ग्रेस-गठबन्धन | | ३५ | ५१ | | | ८६ |
| राजपा | | | ६ | | | ६ |
| राप्रपा | | | ५ | | | ५ |
| स्वतन्त्र उम्मेदवार | | | १ | | | १ |
| अज्ञात | | २ | | १५ | २६ | ४३ |
| जम्मा | ३५ | ४३ | ११८ | १५ | २६ | २३७ |



Secretariat
Citizen's Campaign for Clean Election (CCCE)
Informal Sector Service Centre (INSEC)
Tel.: 5218770 Fax: 015218251; Email: cleanelection2017@gmail.com; Website: www.cleanelection.org

मानी सुरक्षा योजना बनाइएको जिल्ला सुरक्षा समितिले जनाएको छ । नेकपा माओवादीका आठजना स्थानीय नेता तथा कार्यकर्तालाई नियन्त्रणमा लिइएको ताप्लेजुङका प्रमुख जिल्ला अधिकारी मनबहादुर जिसीले बताए ।

**भोजपुर** जिल्लामा एक प्रतिनिधि सभा र दुईओटा प्रदेश सभाका लागि हुने निर्वाचनमा कुल ७७ ओटा मतदानस्थल र एकसय ४८ मतदान केन्द्र निर्धारण गरिएका छन् । यी मतदानस्थलहरूमध्ये १७ ओटा मतदानस्थललाई अति संवेदनशील ठहर गरी सोहीअनुसार सुरक्षा योजना अगाडि बढाइएको जिल्ला सुरक्षा समितिले जनाएको छ । कुल १ लाख १३ हजार ८ सय ९१ मतदाता रहेको यस जिल्लामा पछिल्लो समयमा बामपन्थी गठबन्धन र लोकतान्त्रिक गठबन्धन गरी राजनीतिक दलहरू दुई वर्गमा ध्रुवीकृत भएपछि अन्य राजनीतिक दलहरू ओझेलमा रहेका कारण यिनै दुई दलबीच आउँदा दिनमा द्वन्द्व बढ्न सक्ने सम्भावना बढी देखिएको छ । यसैबीच २०७४ कात्तिक २८ गते चुनावी सभामा भाग लिन जिल्लाको टेम्के मैयुङ गाउँपालिका-५ गोगने जाँदै गरेको बेला सोही गाउँपालिका-६ कोटको सिक्तेल खोलामा एमाले पोलिटव्युरो सदस्य पूर्वमन्त्री तथा प्रदेश नं २ का उम्मेदवार शेरधन राईमाथि लक्षित बम र गोली प्रहार भएपछि जिल्लाको सुरक्षामा चुनौती थपिएको छ । निर्वाचन विरोधी गतिविधि गर्ने आशङ्कामा प्रहरीले नेत्रविक्रम चन्दले नेतृत्व गरेको नेपाल कम्युनिष्ट पार्टीका पाँचजना नेता कार्यकताहरूलाई गिरफ्तार गरेको छ ।

**सङ्खुवासभा** जिल्लामा प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको लागि सङ्खुवासभामा सुरक्षा व्यवस्था मजबुद पारिएको जिल्ला सुरक्षा समितिले जनाएको छ । कात्तिक २८ गते बिहान एमालेका प्रतिनिधि सभा सदस्यका उम्मेदवारमाथि भएको बम आक्रमणका घटनाका कारण सुरक्षा चुनौती बढेको ठहर गर्दै २४ सै घण्टा चेकजाँच र निगरानी गरिरहेको प्रहरीले जनाएको छ । एकसय ३ मतदानस्थल र एकसय ५३ मतदान केन्द्र रहेको सङ्खुवासभामा सुरक्षा संवेदनशीलताको हिसाबले ३५ मतदानस्थललाई अति संवेदनशील र २८ मतदानस्थललाई संवेदनशील रूपमा राखेर सोही अनुसार योजना बनाई सुरक्षाकर्मी परिचालन गरिएको जिल्ला सुरक्षा समितिले जनाएको छ । भौगोलिक विकटताको कारण मतदान केन्द्रमा जान आउजाउ गर्न समस्या हुने र पैदलमार्ग बढी भएका कारण पनि सुरक्षा जोखिम बढी छ ।

**खोटाङ** जिल्लामा एक प्रतिनिधि सभा र दुई प्रदेश सभाको निर्वाचनका लागि एकसय ३६ मतदानस्थल र एकसय ७९ ओटा मतदान केन्द्र तोकिएका छन् । कुल एकलाख २५ हजार एकसय ८३ जना मतदाता रहेका छन् । २८ ओटा मतदानस्थललाई सुरक्षाको दृष्टिले अति संवेदनशील, ५४ ओटा मतदानस्थललाई संवेदनशील र अन्यलाई सामान्य रूपमा राखेर सोही अनुरूप सुरक्षा योजनासमेत तय गरिएको जिल्ला सुरक्षा समितिले जनाएको छ । अति संवेदनशील मानिएको मतदानस्थलमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र म्यादी प्रहरीको तीनओटा सुरक्षा घेरा हालिने जिल्ला सुरक्षा समितिका संयोजक एवम् प्रमुख जिल्ला अधिकारी एकदेव अधिकारीले बताएका छन् । "मतदातालाई भयरहित वातावरणमा मतदान गर्न दिनुपर्छ ।" उनले भने, "मतदानको समयमा कुनै पनि अप्रिय घटना हुन नदिन उच्च सुरक्षा सतर्कता अपनाएका छौं ।"

**ओखलढुङ्गा** जिल्लामा प्रतिनिधि सभातर्फ एक र प्रदेश सभातर्फ दुई निर्वाचन क्षेत्र छन् । एकलाख २ हजार २ सय ५० जना मतदाताका लागि ७८ मतदानस्थल र एकसय ४१ मतदान केन्द्र तय गरिएको छ । एक मतदानस्थललाई अति संवेदनशील र आठओटालाई संवेदशील मानिएको जिल्ला सुरक्षा समितिले जनाएको छ । मतदानको मिति नजिकिँदै गर्दा तनाव र झडपका घटना हुन सक्ने सुरक्षा समितिले आँकलन गरेको छ । सामाजिक सञ्जालहरूमा नेकपा माओवादीका कार्यकर्ताले धम्की र चुनौती दिएको पाइए तापनि भौतिक गतिविधि गरेको देखिएको छैन ।

**सोलुखुम्बू** जिल्लामा एक प्रतिनिधि सभा र दुई प्रदेश सभा कायम गरिएको छ । यस जिल्लामा एकसय २० ओटा मतदानस्थलहरू तय गरिएका छन् । यस जिल्लामा ६९ हजार चारसय ११ जना मतदाता रहेका छन् । सुरक्षा निकायले निकै सतर्कताका साथ सुरक्षाकर्मीहरू परिचालन गरिरहेको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुका

इन्स्पेक्टर प्रधुम्नकुमार अधिकारीले जनाएका छन् । सोलुखुम्बुको तिङ्ला गाविसस्थित सोलु दुधकुण्ड नगरपालिकामा समावेश नगरी अपायक नेचासल्यान गाउँपालिकामा समावेश गरेको भन्दै तिङ्लाबासी गत स्थानीय तह निर्वाचनमा सहभागी भएनन् । प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा भने केही पक्ष सहभागी हुने र माग पूरा नभएको जनाउँदै केही मतदाताले यस निर्वाचनमा पनि सहभागी नभई साङ्केतिक विरोध जनाउने बताएका छन् ।

## प्रदेश नम्बर तीन

यस प्रदेशका **रामेछाप**, **दोलखा**, **धादिङ**, **सिन्धुपाल्चोक**, **नुवाकोट र रसुवा** गरी ६ जिल्लामा पहिलो चरणमा निर्वाचन हुने कार्यक्रम रहेको छ । जिल्ला सुरक्षा समितिले निर्वाचनका क्रममा तोकिएका मतदान स्थल र मतदान केन्द्रहरूलाई अति संवेदनशील, संवेदनशील र समान्य गरी तीन चरणमा बर्गीकरण गरी सुरक्षा व्यवस्था मिलाएको जनाएका छन् ।

**रामेछाप** जिल्लामा प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको लागि तोकिएको एकसय ९१ मतदानस्थल मध्ये सुरक्षाका संवेदनशिलताको हिसाबले १४ ओटा मतदान स्थललाई अति संवेदनशील मानिएको छ । रामेछापका प्रमुख जिल्ला अधिकारी दिलिपप्रसाद लामिछानेको अनुसार २३ ओटा मतदान स्थललाई संवेदनशील सूचीमा राखिएको छ भने ५३ ओटालाई सामान्य मानिएको छ ।

एकलाख ५२ हजार ५ सय ५९ मतदाता रहेको रामेछाप जिल्लामा महिला मतदाताको सङ्ख्या ७६ हजार १ सय ३४ र पुरुषको सङ्ख्या ७६ हजार ४ सय २५ रहेको छ । जिल्लामा सबै राजनीतिक दलका उम्मेदवारहरू चुनावी प्रचारको क्रममा रहेका छन् । राजनीतिक दलका चुनवी कार्यक्रमहरू शान्तिपूर्ण रूपमा सम्पन्न भइरेहका छन् ।

**दोलखा** जिल्लामा प्रतिनिधि सभा सदस्यतर्फ एक र प्रदेश सभा सदस्य तर्फ दुई निर्वाचन क्षेत्र रहेका छन् । जिल्ला निर्वाचन अधिकारी सच्चुतराज उप्रेतीका अनुसार ९४ मतदान स्थल र १ सय ९० मतदान केन्द्र कायम गरिएको छ ।  यस जिल्लाका नौ मतदानस्थल अति संवेदनशील, २४ ओटा मतदानस्थल संवेदनशील र ६१ ओटा मतदान स्थल सामान्य रहेको प्रमुख जिल्ला अधिकारी लक्ष्मणविक्रम थापाले बताए । अति संवेदनशील दुई मतदान केन्द्रकाबीचमा सशस्त्र प्रहरीको बेस क्याम्प राखिने प्रमुख जिल्ला अधिकारी लक्ष्मणविक्रम थापाले बताए ।

**धादिङ** जिल्लामा प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र २ र प्रदेश सभा निर्वाचन क्षेत्र ४ रहेको छ । जिल्लामा १ सय ९ मतदानस्थल र २ सय ७५ मतदान केन्द्र रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । तोकिएको मतदान स्थल मध्ये ८६ मतदान स्थल अति संवेदनशील र २३ मतदान स्थल संवेदनशील रहेको जनाइएको छ । जिल्लामा कूल मतदाता सङ्ख्या २ लाख ३३ हजार ५ सय ५ रहेको छ ।

गत निर्वाचनमा रुबीभ्यालीका मतदान केन्द्रहरू, खनियाबास मतदान केन्द्रहरू र ढोला, सांकोषको मतदान केन्द्र र गंगाजमुनाको २ मतदान केन्द्र अनियमित तरिकाले मतदान भएको र यस पटक पनि यो अवस्था आउन सक्ने देखिन्छ ।

**सिन्धुपाल्चोक** जिल्लामा दुई प्रतिनिधि सभा सदस्य र चार ओटा प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र रहेको छ । यस जिल्लामा जम्मा २ लाख २६ हजार ५ सय ४० मतदाता रहेका छन् । यस जिल्लामा २ सय ८५ ओटा मतदान केन्द्र रहेको छन् ।

सुरक्षाको दृष्टिकोणले केही मतदान केन्द्रहरू संम्बेदनशिल मानिए पनि सुरक्षा व्यवस्था मजबुत बनाएको र कुनै अप्रिय घटना हुन नदिन सुरक्षा सर्तकतामा ध्यान दिएको प्रमुख जिल्ला अधिकारी आसमान तामाङले बताए । प्रतिनिधि सभा क्षेत्र नं. १ मा पूर्व सञ्चार मन्त्री अग्निप्रसाद सापकोटा र वर्तमान सञ्चारमन्त्री मोहन बस्नेतको प्रतिस्पर्धा रहेकाले बाह्रबीसे, फुल्पीङकोट, ठुलोपाखर, कुविण्डे, थुम्पाखर लगायतका केही मतदान केन्द्रहरूलाई सुरक्षाको हिसावले संवेदनशील मानिएको छ ।

**नुवाकोट** जिल्लाका प्रमुख जिल्ला अधिकारी जगदीशराज बरालका अनुसार निर्वाचन विथोल्ने कुनै पनि खाले गतिविधिलाई नियन्त्रणमा लिनको लागि सुरक्षा निकायलाई परिचालन गरिएको छ । नुवाकोटमा १ सय २९ मतदान स्थल र २ सय ६० मतदान केन्द्र रहेका छन् । नुवाकोटका ५४ ओटा मतदान स्थललाई अति संवेदनशील, ५० ओटालाई संवेदनशील र २४ ओटालाई सामान्य मतदान स्थलका रुपमा वर्गीकरण गरिएको जिल्ला सुरक्षा समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी जगदीशराज बरालले जानकारी दिए ।

**रसुवा** जिल्लामा प्रतिनिधि सभा सदस्यका लागि एक र प्रदेश सभाका लागि २ निर्वाचन क्षेत्र रहेको छन् । ३२ हजार ३ जना २२ मतदाताका लागि ३४ मतदान स्थल र ४५ मतदान केन्द्र तोकिएका छन् । रसुवाको ३४ मतदान केन्द्र मध्ये २२ मतदान केन्द्र संवेदनशील सूचीमा रहेको जिल्ला सुरक्षा समितिले जनाएको छ । संवेदनशीलताको आधारमा मतदान केन्द्रमा थप सुरक्षा जनशक्ति खटाउने तयारी गरिसकेको र आवश्यकता अनुसार बाहिरी घेरामा नेपाली सेना समेत परिचालन गरिने जिल्ला सुरक्षा समितिले जनाएको छ । प्रमुख जिल्ला अधिकारी हिरादेवी पौडेलका अनुसार पछिल्लो सुरक्षा समितिको बैठकले नौकुण्ड गाउँपालिका आरुखर्क, सिमबेन्दी, यार्सा, गौतमबुद्ध ,निर्कुभूमे गोसाइकुण्ड गाउँपालिाको लाङटाङ, बृद्धिम, टिमुरे, गत्लाङ, उत्तरगया गाउँपालकिाको कुवापानी, खाल्टे, डाडागाउँ, ठूलोगाउँ, कुवापानी मतदान केन्द्रहरू सुरक्षाका हिसावले उच्च संबेदनशील मानिएको छ ।

## प्रदेश नम्बर चार

पहिलो चरण यस प्रदेशका **मनाङ, म्याग्दी, लमजुङ, मुस्ताङ, बाग्लुङ र गोरखा** जिल्लाहरूमा प्रतिनिधि तथा प्रदेश सभाको निर्वाचन हुनेछ । यस अवधिमा गोरखा जिल्लाबाहेक अन्य जिल्लामा निर्वाचन आचारसंहिता उल्लङ्घनको उजुरी परेको छैन ।

**मनाङ** जिल्लामा सुरक्षाको अवस्था मजबुत रहेकाले सम्पूर्ण मतदातालाई ढुक्कसँग मतदान गर्न जिल्ला प्रशासन कार्यालयले सर्वसाधारणलाई आग्रह गरेको छ । जिल्लामा कुल पाँचहजार ८ सय ८१ मतदाता रहेको र निर्वाचन व्यवस्थापन र सुरक्षाका लागि ६ सय सुरक्षाकर्मी परिचालित गरिएको निमित्त प्रमुख जिल्ला अधिकारी धिरेन्द्रराज पन्तले जानकारी दिए ।

**म्याग्दी** जिल्लामा ७२ मतदान स्थल र एकसय ६ मतदान केन्द्र रहेका छन् । निर्वाचन विशेष सुरक्षा योजनाअनुसार संवेदनशील मतदान स्थलमा सुरक्षा व्यवस्था मिलाउन उच्च प्राथमिकता दिइने प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद अधिकारीले बताए । मतदानका लागि म्याग्दीमा आवश्यक पर्ने मतपत्रलगायतका सामग्रीहरू आयोगबाट बेनीमा आउनेक्रम रहेको छ । केही मतपत्र तथा आवश्यक सामग्रीहरू आइसकेको छ भने बाँकी यो हप्ता भित्र आइसक्ने जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

**लमजुङ** जिल्लामा कुल मतदाता सङ्ख्या एकलाख १५ हजार ४ सय ४९ रहेको छ । एकसय २३ मतदान स्थल र एकसय ६५ मतदान केन्द्र रहेको जिल्ला निर्वाचन कार्यालयले जानकारी दिएको छ । जिल्लामा सुरक्षा अवस्था मजबुत रहेको जिल्ला प्रशासन कार्यालयको भनाइ छ ।



Secretariat
Citizen's Campaign for Clean Election (CCCE)
Informal Sector Service Centre (INSEC)
Tel.: 5218770 Fax: 015218251; Email: cleanelection2017@gmail.com; Website: www.cleanelection.org

**मुस्ताङ** जिल्लामा ३७ ओटा मतदान स्थल रहेका छन् । सो निर्वाचनका लागि मतदान केन्द्र पनि ३७ ओटै कायम गरिएको छ । मुस्ताङमा कुल नौहजार ४ सय २७ जना मतदाता रहेका छन् ।

**बाग्लुङ** जिल्लामा एकसय ३ ओटा मतदान स्थल र एकसय ९९ मतदान केन्द्र रहेका छन् । चार नगरपालिका र ६ गाउँपालिकासहित १० स्थानीय तह रहेको बाग्लुङमा एकलाख ६७ हजार २ सय ८२ जना मतदाता रहेका छन् । बाग्लुङमा प्रतिनिधि सभाको लागि दुई निर्वाचन क्षेत्र र प्रदेश सभाको चार निर्वाचन क्षेत्र कायम गरिएको छ । जिल्लाका ४२ मतदान केन्द्रलाई संवेदनशिल मतदान केन्द्र र अन्य ६१ मतदान केन्द्रलाई सामान्य रूपमा राखिएको प्रमुख जिल्ला अधिकारी विष्णुबहादुर थापाले बताए ।

**गोरखा** जिल्लाका ६८ ओटा मतदान स्थल सुरक्षाको दृष्टिकोणले अति संवेदनशील रहेको प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेतले बताएका छन् । दुईसय १३ मतदान स्थलमध्ये एकसय ३३ ओटा संवेदनशील र १२ ओटा सामान्य रहेको सुरक्षा प्रमुखहरूको विश्लेषण छ । दलहरूबीचको अस्वस्थ प्रतिस्पर्धा, विकट भूगोल, अवैध हात हतियारलाई सुरक्षा चुनौतीका रूपमा लिइएको प्रहरी प्रमुखले बताए ।

## प्रदेश नम्बर पाँच र छ

यस प्रदेशका **रोल्पा, डोल्पा, रुकुम (पश्चिम), रुकुम (पूर्वी), जाजरकोट, मुगु, जुम्ला, हुम्ला र कालीकोट** जिल्लामा मङ्सिर १० गते हुने निर्वाचनका लागि तयारी पूरा भएको निर्वाचन कार्यालयहरूले जनाएका छन् ।

**रोल्पा** जिल्लामा पहिलो चरणमा निर्वाचन हुने रोल्पाको निर्वाचनमा शान्ति सुरक्षामा केही चुनौती देखिएको छ । स्थानीय तहको निर्वाचनमा रोल्पा नपा-१० स्थित भनभने मतदान केन्द्रमा मतपत्रमा एसीड छर्केर मतदान गर्नु, जिल्लाका त्रिवेणी, रुन्टीगढी लगायतका स्थानमा युवाहरूबीच झडप हुने जस्ता घटना भएका थिए । आसन्न प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा पनि निर्वाचन प्रचारमा हिँडेका माओवादी केन्द्रका उम्मेदवार वर्षमान पुन चढेको गाडीलाई लक्षित गरी माडी गाउँपालिका-१ ओतको जङ्गलमा बम विष्फोट र दुईखाली गाउँपालिका-३ केवरी खोलामा अज्ञात समूहले गोली प्रहार गर्नु, चुनाव बहिष्कारमा लागेका नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द (विप्लव) को गृह जिल्ला हुनुले पनि रोल्पाको शान्ति सुरक्षामा चुनौती देखा परेको छ । जिल्लाका दुर्गम जहाँ फोन सेवा र मोटर बाटो नपुग्ने स्थानका मतदान केन्द्र अति संवेदनशील रहेका छन् । यस्तै निर्वाचन विरोधी गतिविधि गरेको आरोपमा नेपाल कम्युनिष्ट पार्टीका जिल्ला इन्चार्ज दलबहादुर खत्री 'जागृति', सेक्रेटरी सन्तोष सुवेदी 'प्रयास' लाई प्रहरीले कात्तिक २२ गते गिरफ्तार गरेको भन्दै उक्त पार्टीले कात्तिक २७ गते रोल्पा बन्द गरेको थियो । बन्दकै सोही दिन कात्तिक २७ गते नेपाल कम्युनिष्ट पार्टीका जिल्ला सदस्य धनबहादुर खत्री 'टाइगर' लाई पनि प्रहरीले गिरफ्तार गऱ्यो । आफ्ना जिल्ला नेताहरू क्रमश गिरफ्तारीमा पर्न थालेपछि आक्रोसित नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताबाट थप घटना हुन सक्ने आशंका बढेको छ ।

**डोल्पा** जिल्लामा ३७ हजार जनसङ्ख्या रहेको डोल्पा जिल्लामा १८ हजार ९ सय ८९ मतदाता रहेका छन् । जिल्लाका ६६ मतदान केन्द्रमध्ये जिल्ला सुरक्षा समितिले २२ मतदान केन्द्रलाई अति संवेदनशील रहेको जनाएको छ भने ४४ मतदान केन्द्र सामान्य रहेका छन् । तिब्वतसँग सीमा जोडिएका उपल्लो डोल्पाका थार्काताङ्सोङ, डोल्पुबुद्ध, शे फोक्सुण्डो, काइके गाउँपालिकाका मतदान केन्द्र बढी संवेदनशील छन् । ती गाउँपालिकामा सञ्चार सम्पर्क छैन । प्रहरीको सूचनाबाहेक सञ्चारको वैकल्पिक व्यवस्था नभएको जिल्ला निर्वाचन कार्यालयले जनायो । मतदाता शिक्षा कार्यक्रमका सहजकर्ताले स्थानीय भाषा नजानेका कारण उपल्लो डोल्पामा पर्ने चार ओटा गाउँपालिकामा मतदाता शिक्षा प्रभावकारी हुन सकेको छैन ।

**रुकुम (पश्चिम)** जिल्लामा प्रतिनिधि सभा र प्रदेश सभाका लागि निर्धारण गरिएका रुकुम (पश्चिम) का ७३ मतदान स्थलमध्ये नौओटा मतदान स्थल अति संवेदनशील रहेका छन् । त्यस्तै ५७ ओटा संवेदनशील र

सातओटा मतदान स्थल सामान्य रहेको रुकुम (पश्चिम) का सहायक प्रमुख जिल्ला अधिकारी शेरबहादुर पुनले बताए । जिल्ला सुरक्षा समितिले तयार पारेको सुरक्षा योजनाअनुसार सुरक्षाकर्मी परिचालनको तयारी भइरहेको छ । समग्र जिल्लालाई भने अति संवेदनशील मानेर सुरक्षा योजना तयार पारिएको जिल्ला सुरक्षा समितिले जनायो । रुकुम (पश्चिम) बाट बाम गठबन्धनका साझा उम्मेदवार एवम् विना विभागीय मन्त्री जनार्दन शर्मा चढेको गाडीमाथि २०७४ कात्तिक २४ गते अज्ञात समूहले बम आक्रमण गऱ्यो । चौरजहारीबाट सानीभेरी गाउँपालिकाको सिम्लीतर्फ जाँदै गर्दा चौरजहारी नपा-८ गोइरीमा मन्त्री शर्मालाई लक्षित गरी दुईओटा रेडबुलको बट्टामा बनाएको बम प्रहार गरिएको थियो । उक्त घटनामा कुनै क्षति भएन । निर्वाचन विरोधी गतिविधि गरेको आरोपमा प्रहरीले नेपाल कम्युनिष्ट पार्टीका विद्यार्थी सङ्गठनको राप्ती अञ्चल व्यूरो सदस्य दिपक विष्ट र पार्टी जिल्ला कमिटी सदस्य मोतिराम खड्कालाई कात्तिक २२ दिउँसो खलङ्गा बजारबाट गिरफ्तार गऱ्यो । रुकुम (पश्चिम) मा ८४ हजार ३२ जना मतदाता छन् ।

**रुकुम (पूर्व)** जिल्ला ३१ मतदान केन्द्रमध्ये १७ ओटा अति संवेदनशील, १२ ओटा संवेदनशील र दुईओटा सामान्य रहेको रुकुम (पूर्व) का प्रमुख जिल्ला अधिकारी भूपेन्द्र सापकोटाले जानकारी दिए । ३१ मतदानस्थलमा जम्मा ४२ ओटा मतदान केन्द्र कायम गरिएको छ । पश्चिमको तुलनामा पूर्व भौगोलिक रूपले पनि विकट भएकोले संवेदनशील मतदान स्थल बढी रहेका छन् ।

**जाजरकोट** जिल्लामा एकसय १६ ओटा मतदान केन्द्र र ८५ ओटा मतदान स्थल रहेका छन् । प्रतिनिधि सभाका लागि एक निर्वाचन क्षेत्र रहेको यस जिल्लामा प्रदेश सभाका लागि दुई ओटा निर्वाचन क्षेत्र रहेका छन् । निर्वाचन सुरक्षाका आधारमा ८५ ओटा मतदान स्थलका एकसय १६ मतदान केन्द्रमध्ये १२ ओटा मतदान केन्द्र अति संवेदनशील रहेका छन् । २८ ओटा मतदान केन्द्र संवेदनशील र ४५ ओटा मतदान केन्द्र सामान्य रहेको जिल्ला सुरक्षा समितिले जनायो ।

**मुगु** जिल्लामा प्रदेश सभा तथा प्रतिनिधि सभा निर्वाचनका लागि जिल्लामा रहेका मतदान केन्द्रमध्ये १८ मतदान केन्द्र अति संवेदनशील रहेका छन् । जिल्लामा रहेका ६० मतदान केन्द्रमध्ये जिल्ला सुरक्षा समितिले १८ मतदान केन्द्र अति संवेदनशील, १९ संवेदनशील र २३ मतदान केन्द्र सामान्य रहेका छन् । सदुरमुकाम गमगढी नजिक रहेको छाँयानाथ रारा नपा-१२ शोभा गाउँस्थित मतदान केन्द्र अति संवेदनशील रहेको छ ।

**जुम्ला** जिल्लाका ७६ मतदान स्थलका ९० ओटा मतदान केन्द्र सामान्य, संवेदनशील र अतिसंवेदनशील मतदान केन्द्रको आधारमा सुरक्षा व्यवस्थापन गरिएको छ । सोही आधारमा सुरक्षा परिचालन भइरहेको सुरक्षा समितिले जनायो ।

**हुम्ला** जिल्लाका ५२ मतदान केन्द्रमध्ये २१ ओटा सामान्य, १६ ओटा संवेदनशील र १५ ओटा अति संवेदनशील रहेको सहायक प्रमुख जिल्ला अधिकारी सिटौलाले बताए । सुरक्षा संवेदनशीलताको आधारमा अति संवेदनशील मतदान केन्द्रमा अहिलेदेखि नै सुरक्षाकर्मी परिचालन गरिएको छ । सदरमुकामभन्दा धेरै टाढा रहेका मतदान केन्द्रमा मतपेटिका पुऱ्याउनको लागि हेलिकप्टरको माग गरिएको अधिकृत शर्माले जनकारी गराए ।

**कालीकोट** जिल्लामा ९९ मतदान स्थल र एकसय ९ मतदान केन्द्र रहेका छन् । यस जिल्लामा ६४ हजार ९ सय मतदाता रहेका छन् । सुरक्षाका दृष्टिकोणले अति संवेदनशील मानिएको यस जिल्लामा गएको स्थानीय तहको निर्वाचनका मतदान केन्द्रमा सुरक्षाकर्मीको गोली प्रहारबाट एकजनाको मृत्यु हुनुका साथै दुईजना घाइते भएका थिए । जम्मा मतदान केन्द्रमध्ये ६८ ओटा अति संवेदनशील, २९ संवेदनशील र दुई मतदान स्थल सामान्य रहेको प्रमुख जिल्ला अधिकारी बद्रिनारायण गैरेले जानकारी दिए ।

## प्रदेश नम्बर सात


Secretariat
Citizen's Campaign for Clean Election (CCCE)
Informal Sector Service Centre (INSEC)
Tel.: 5218770 Fax: 015218251; Email: cleanelection2017@gmail.com; Website: www.cleanelection.org

प्रदेश नम्बर सातअन्तर्गत पहिलो चरणमा निर्वाचन हुने **बैतडी**, **दार्चुला**, **बझाङ र बाजुरा**को निर्वाचन पूर्वको सुरक्षा अवस्था यसप्रकार रहेको छ ।

**बैतडी** जिल्लाको पुचौँडी नगरपालिकालाई अति संवेदनशील मानी उच्च सुरक्षा सतर्कता अपनाइएको प्रमुख जिल्ला अधिकारी सिद्धराज जोशीले बताएका छन् । जिल्लाका एकसय ८२ मतदान केन्द्रमध्ये तीन मतदान केन्द्र अति संवेदनशील, ३८ ओटा निर्वाचन केन्द्रलाई संवेदनशील र एकसय ४१ मतदान केन्द्रलाई सामान्य घोषणा गरिएको जिल्ला सुरक्षा समितिले जनाएको छ । यस जिल्लामा एकसय २० मतदान स्थल र एकसय ८२ मतदान केन्द्र रहेका छन् । जिल्लामा एकलाख ३२ हजार ३ सय १९ जना मतदाता रहेका छन् ।

**दार्चुला** जिल्लाका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमका अनुसार १९ ओटा मतदान केन्द्र अति संवेदनशील, २५ ओटा मतदान केन्द्र संवेदनशील र ८५ मतदान केन्द्र सामान्य मानी सुरक्षा प्रबन्ध मिलाइएको छ । यस जिल्लामा ७८ हजार ५ सय १३ जना मतदाता रहेका छन् । निर्वाचनसम्बन्धी अन्य तयारीहरू अन्तिम चरणमा पुगेको जिल्ला निर्वाचन आयोगले जनाएको छ ।

**बझाङ** जिल्लामा एकलाख ४ हजार २ सय ७५ जना मतदाताका लागि एकसय ३१ मतदान स्थल र एकसय ५६ मतदान केन्द्र कायम गरिएको छ । प्रदेश सभा र प्रतिनिधि सभा निर्वाचनका लागि आवश्यक तयारी भइरहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

**बाजुरा** जिल्लामा ७० ओटा मतदान स्थलमध्ये ३१ ओटा अति संवेदनशील, ३२ संवेदनशील र आठ ओटा सामान्य रहेको जिल्ला प्रहरी कार्यालय बाजुराले जनाएको छ ।

**२०७४ मङ्सिर ५ गते**